आज मिति २०७७ माघ २९ गतेका दिन बिहान ८:०० बजे टीकापुर नगरपालिकाका प्रमुख श्री तपेन्द्र बहादुर रावलज्यूको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको ६५ औं बैठकको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्र.सं | पद | नाम , थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री तपेन्द्र बहादुर रावल | |
| २ | नगर उप-प्रमुख | श्री केशरी बिष्ट रावल | |
| ३ | सदस्य | श्री गंगाराम आचार्य | |
| ४ | सदस्य | श्री प्रकाश बहादुर बुढाथोकी | |
| ५ | सदस्य | श्री रामसेवक महतो | |
| ६ | सदस्य | श्री लालबिर चौधरी | |
| ७ | सदस्य | श्री रामशंकर ड.थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री रामलाल ड.थारु | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री रमेश वि.क | |
| १३ | सदस्य | श्री अक्कल बहादुर माझी | |
| १४ | सदस्य | श्री डम्वर बहादुर राजी | |
| १५ | सदस्य | श्री सीता देवी चौधरी | |
| १६ | सदस्य | श्री शोभा नगार्जी | |
| १७ | सदस्य | श्री उपमा देवी के.सी | |
| १८ | सदस्य | श्री शान्ती देवी ड.थारु | |
| १९ | सदस्य | श्री सन्जा देवीओड | |
| | | | |
| १ | सचिव | श्री मोहन प्रसाद अर्याल | |
| | | | |

## मिति २०७७।१०।२९ गतेको कार्यपालिका बैठकको निर्णय :

**निर्णय नं. १** : यस टीकापुर नगरपालिकाको मिति २०७७।१०।१५ गते बसेको कार्यपालिका बैठकको निर्णय नं.२ बमोजिम टीकापुर नगरपालिकाको दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ को दफा ४ को उपदफा (१) बमोजिम यस नगरपालिकामा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको इकाई प्रमुखको रुपमा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका प्रशासकीय अधिकृतलाई तोक्ने र अन्य पदको हकमा तपसिल बमोजिम यस अधि प्रकाशन भएको सूचनालाई केही संशोधन गरी उक्त सूचनालाई आधार मानी पदपूर्ति समिति गठन गरी कार्य अगाडी बढाउने ।

**तपसिल :**

| क.सं | पद/नाम | श्रेणी वा तह | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सर्भेक्षक | सहायक पाँचौ | १ | समयावधि ३ महिना (आवश्यकता अनुसार थप गर्न सकिने) |
| २ | अमिन | सहायक चौथो | २ | " " |
| ३ | तथ्याकं संकलक | सहायक चौथो | ९ | समयावधि २ महिना ( आवश्यकता अनुसार थप गर्न सकिने) |
| ४ | लगत प्रविष्टिकर्ता | सहायक चौथो | २ | " " |
| ५ | सामाजिक परिचालक | सहायक चौथो | २ | " " |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**<u>निर्णय नं. २.</u>** यस टीकापुर नगरपालिकाको तथ्याङ्क व्यवस्थापन प्रणाली सञ्चालन, व्यवस्थापन, तथ्यांक अध्यावधि गर्ने तथा प्रणाली सुरक्षा, व्यक्तिगत गोपनीयता संरक्षण, तथ्यांक व्यवस्थापन, प्रयोगकर्ताको जिम्मेवारी तथा समय व्यवस्थापन तथा उत्प्रेरणा जस्ता विषय समेटेर स्थानीय कार्यविधि निर्माणको कार्य अघि बढाउने निर्णय गरियो । कार्यविधि पारित गरी लागु गर्नुअघि सम्मका लागि तथ्यांक व्यवस्थापन प्रणाली अध्यावधि र सञ्चालनका लागि टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका सूचना प्रविधि अधिकृतलाई प्रमूख प्रयोगकर्ता र वडा तहमा वडा सचिवलाई लाई वडा प्रयोगकर्ता तोक्ने ।

**<u>निर्णय नं.३</u>** : तथ्यांक व्यवस्थापन प्रणाली सञ्चालनका लागि वडा तहका तोकिएका प्रयोकर्तालाई प्रणाली प्रयोगका लागि प्रयोगकर्ताको नाम र पासवर्ड वनाई नगर प्रयोगकर्ता वाट उपलब्ध गराउने तथा प्रणाली अध्यावधि गर्ने कार्य तत्काल अघि बढाउने ।

**<u>निर्णय नं. ४</u>** : टीकापुर नगरपालिका अन्तर्गत वहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०७७१०१७ गतेको बैठकको निर्णय नं.१ बमोजिमको एकीकृत कार्ययोजना र बजेट स्वीकृत गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल